सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
माननीय न्यायाधीश श्री नहकुल सुवेदी

आदेश

०७५-WO-१३७२

मुद्दाः- उत्प्रेषण

उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अख्तियार प्राप्त अधिवक्ता विष्णु प्रसाद तिमिल्सिनासमेत ........................................................................ निवेदक

विरूद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबारसमेत ......................... विपक्षी

१. निवेदकतर्फबाट उपस्थित विद्धान अधिवक्ताहरु श्री ज्योती बानियाँ, श्री जयप्रसाद पौडेल, श्री कुमारी खरेल र निवेदक अधिवक्ता श्री विष्णु प्रसाद तिमिल्सिनाले तथा प्रत्यर्थीहरुको तर्फबाट सुदुर पश्चिम प्रदेशका विद्धान मुख्य न्यायाधिवक्ता श्री कुलानन्द उपाध्याय, बागमती प्रदेशका विद्धान मुख्य न्यायाधिवक्ता श्री ज्ञानेन्द्र नेपाल तथा विद्धान सह-न्यायाधिवक्ता श्री सोमकान्त भण्डारीले गर्नुभएको बहस सुनियो।

२. यसमा, नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट मिति २०७६।०३।०२ मा नेपाल राजपत्रमा प्रकाशित सूचना १ को देहाय ६(ख) मा उपभोग्य वस्तुको पैठारी गर्दा उक्त वस्तुको उपभोग अवधि भन्सार विन्दुमा आइपुग्दा कम्तीमा पनि ७५ प्रतिशत अवधि बाँकी भएको हुनु पर्ने र ऐ ६(ग) मा ताजा तरकारी

तथा फलफुल पैठारी गर्दा सम्बन्धित भन्सार विन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादीको अवशेष अनिवार्य रुपमा परिक्षण गरेर मात्र गर्नु पर्ने व्यवस्था गरेकोमा नेपाल सरकारले बिना आधार र कारण उक्त मितिको आदेश फिर्ता लिने गरी निर्णय गरेको हुँदा उक्त मितिको सूचना विपरितको कुनै निर्णय वा स्थगन आदेश भए उत्प्रेषणको आदेशले बदर गरी उक्त आदेशको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भन्ने परमादेश समेत जारी गरिपाउँ भन्ने निवेदकको मुख्य मागदावी रहेको देखिन्छ।

३. प्रत्यर्थी उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयसमेतको लिखित जवाफ जिकिर हेर्दा, नेपाल सरकारले कानूनले दिएको आख्तियारी प्रयोग गरी मिति २०७६।०३।१९ मा मिति २०७६।०३।०२ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम ताजा तरकारी र फलफूल पैठारी गर्दा जीवनाशक विषादीको अवशेष परीक्षण अनिवार्य रुपमा गरेर मात्र गर्नु पर्ने भन्ने व्यवस्थाको कार्यान्वयन हाल नेपालमा विषादी अवशेष परिक्षणको प्रमाणपत्र जारी गर्ने पूर्वाधार पूर्ण रुपमा तयार नभएकोले केही समयको लागि मात्र उक्त निर्णय कार्यान्वयन गर्न स्थगित गर्ने निर्णय गरिएको हो। सधैंको लागि उक्त परीक्षण गर्नु नपर्ने निर्णय गरिएको होइन। यस सम्बन्धी सम्पूर्ण पूर्वाधार तयार भएपछि सम्बन्धित भन्सार बिन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादीको अवशेष परीक्षण गरेर मात्र उक्त वस्तु पैठारी गर्ने व्यवस्था मिलाइने भन्ने जिकिर लिएको देखिन आउँछ।

४. नेपालमा उत्पादित र अन्य मुलुकबाट आयात हुने तरकारी तथा फलफूलसमेत नेपाली बजारमा आईपुग्दा विषादीको अवशेष अत्याधिक रहने गरेको भन्ने मिसिल संलग्न विभिन्न प्रतिवेदनहरुले देखाएको अवस्था छ। विषादीको अनियन्त्रित र अत्याधिक प्रयोग भएका तरकारी र फलफूल नेपाली बजारमा पैठारी तथा बिक्री वितरण हुँदा आम उपभोक्ताहरु विषादियुक्त तरकारी र फलफूल सेवन गर्न बाध्य भै स्वास्थ्य संवेदनशिलताको दृष्टिले जोखिमपूर्ण अवस्थामा रहनु परेको तथ्यमा कुनै विवाद छैन। यस्तो विषादीको प्रयोगबाट मानव स्वास्थ्यलाई मात्र नभई पशु पंक्षी, वातावरण लगायत समग्र चराचर जगतलाई नै नकारात्मक असर पर्न जाने तथ्य समेत यस सम्बन्धी अध्ययन अनुसन्धानले देखाएको पाइन्छ।

५. नेपालको संविधानको धारा ४४ ले **प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा पाउने** हकको सुनिश्चित गरेको देखिन्छ। त्यस्तै, धारा ३६ द्वारा प्रत्याभूत **खाद्य सम्बन्धी हकले** नागरिकको हानिकारक विषादीरहित गुणस्तरीय खाद्यपदार्थको उपलब्धताको हकलाई सुनिश्चित गरेको छ। उपभोग्य पदार्थमा राखिएका विषादीहरुको मात्रा स्वीकार्य सीमाभित्र नराखिएमा त्यस्ता पदार्थको उपभोगबाट ब्यक्तिको खाद्य सम्बन्धी हकमा गम्भीर उल्लंघन हुन जान्छ। परीक्षण नगरिएका र अनियन्त्रित रुपमा मिश्रण गरिएका विषादीयुक्त खाद्य पदार्थको सेवनले संविधानको धारा ३० द्वारा संरक्षित **स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको हकमा** समेत आघात पुग्न जाने देखिन्छ। समग्रमा संविधानप्रद्धत उल्लिखित मौलिक हकको सम्मान, संरक्षण र सम्वर्धनबाट मात्र नेपालको संविधानको धारा १६ द्वारा प्रत्याभूत ब्यक्तिको **सम्मानपूर्वक बाँच्न पाउने** हकको अवधारणा साकार हुने हो। यस दृष्टिमा हेर्दा विषादी परीक्षण नगरी फलफुल तथा तरकारी पैठारी गर्न अनुमति दिनु वा स्वदेशको कृषि उत्पादनमा विषादी परीक्षण र अनुगमन नगरी बजारमा बिक्री वितरण हुने कार्यले ब्यक्तिको बाँच्न पाउने हकमा नै प्रतिकुल असर पुग्न जाने अवस्था देखियो।

६. यस अतिरिक्त प्रस्तुत रिट निवेदनमा उठाइएको विषयवस्तु राज्यले **राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने, किसानको हक हित संरक्षण र संवर्धन गर्दै राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन गर्ने, जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण गर्ने लगायतका** संविधानको भाग ४ ले मार्गनिर्देश गरेका राज्यको निर्देशक सिद्दान्त, नीति र दायित्व अन्तर्गत समाहित नीतिको कार्यान्वयनसँग समेत सम्बन्धित देखिन आउँछ। नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा समाजको आर्थिक सामाजिक रुपान्तरणको उद्देश्यले निर्धारण गरिएका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुमा समाहित भएका विषयहरु सोही उद्देश्य अनुरुप कार्यान्वयन गर्नु राज्यको दायित्व हो।

७. उल्लिखित मौलिक हक एवम् राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन समेतको उद्देश्यले जनस्वास्थ्य ऐन, २०७५, उपभोक्ता संरक्षण ऐन, २०७५, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५, जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६, वातावरण संरक्षण ऐन,२०७६ लगायतका विभिन्न ऐन निर्माण गरी जारी गरिएको समेत पाइन्छ। तथापि संविधान तथा ऐन नियममा राखिएका व्यवस्थाहरु ऐन नियममा उल्लेख गर्दैमा स्वतः कार्यान्वयन भैहाल्ने विषय होइन। यसका लागि राज्यले ठोस कार्ययोजना सहित कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्दै जान आवश्यक देखिन्छ। मौलिक हकको कार्यान्वयनको लागि अतिरिक्त स्रोत साधन आवश्यक पर्ने तथ्यलाई अनदेखा गर्न सकिंदैन तर स्रोत साधनको आवश्यक पर्ने नाममा संविधान र कानूनले प्रत्याभूत गरेका हक अधिकारको कार्यान्वयनका विषयप्रति राज्य उदासिन हुन मिल्दैन। संविधानले तोकेको दायित्वको परिपालनाबाट राज्यका कुनै पनि अङ्गहरु विमुख हुन सक्दैनन्। संविधान प्रदत्त मौलिक हक तथा राज्यका निर्देशक सिद्दान्त तथा नीतिहरुको कार्यान्वयनका सन्दर्भमा एकपटक सकारात्मक रुपमा भएका निर्णयबाट पछि हट्ने गरी निर्णय गरिनु अन्तराष्ट्रिय मानव अधिकार कानून कार्यान्वयनको दृष्टिबाट समेत विपरित दिशाउन्मुख निर्णय (retrogressive measures)[1] मानिन्छ। यस सम्बन्धमा यस अदालतले विकास गरेको आर्थिक सामाजिक अधिकारसम्बन्धी विधिशास्त्रीय दृष्टिकोणबाट[2] समेत संविधानले स्वीकार गरेका दायित्वहरुको कार्यान्वयनबाट राज्य पछाडि हट्न मिल्ने र सक्ने अवस्था देखिएन।

८. यस पृष्ठभूमिमा मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा नेपाल सरकारले मिति २०७६।०३।०२ मा ताजा तरकारी र फलफूल पैठारी गर्दा जीवनाशक विषादीको अवशेष परीक्षण अनिवार्य रुपमा गरेर मात्र गर्नु पर्ने निर्णय गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरेकोमा मिति २०७६।०३।१९ मा सबै भन्सारबिन्दूमा वा नजिकै त्यस्तो

---

[1] उदाहरणका लागि हेर्नुहोस: CESCR General Comment No. 14: The Right to the Highest Attainable Standard of Health (Art. 12) https://www.refworld.org/pdfid/4538838d0.pdf

[2] हेर्नुहोस, अधिवक्ता कुमारी खरेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत मुद्दा नं. ०७५-WO-०७४१, फैसला मिति २०७८।११।०८, अधिवक्ता तुलसी सिंखडा विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत( ने.का.प. २०७६, अंक ३, नि.नं.१०२३०)

प्रयोगशाला नभएसम्मका लागि राजपत्रमा प्रकाशित उक्त सूचना जारी हुनुभन्दा अगाडि रहेको प्रकृयाबाटै अर्थात विषादीको अवशेष परीक्षण नगरिकनै पैठारी गर्न दिने निर्णय गरेको देखिन आएकोमा यस अदालतको मिति २०७६।०३।२५ र मिति २०७६।३।३१ अन्तरिम आदेशले मिति २०७६।०३।१९ को निर्णय कार्यान्वयन नभै मिति २०७६।०३।०२ को सूचना यथावत कायम रही रहेको अवस्था देखियो।

९. यसप्रकार, मानव जीउ ज्यान तथा स्वास्थ्य र वातावरणमा हानी पुर्‍याउने विषादीयुक्त वस्तुको बिक्री वितरणबाट सुरक्षित हुन पाउने नेपाली नागरिकको मौलिक हकको संरक्षणको सुनिश्चितताका लागि नेपालमा पैठारी हुने तरकारी तथा फलफुल विषादी परीक्षण गरेर मात्र पैठारी गर्ने भनी सूचना प्रकाशित भएको झण्डै चार वर्ष पुग्न लागेको सन्दर्भमा देहायका विषयमा हालसम्म के कस्तो योजना तथा मापदण्ड बनी के कसरी कार्यान्वयन भएको छ? योजना कार्यान्वयनमा के कति प्रगति भएको छ? मिति २०७६।३।२ को निर्णय बमोजिम पैठारी हुने तरकारी र ताजा फलफुलमा विषादीको अवशेष परीक्षण गरेर मात्र नेपाल भित्र्याइने भनी गरिएको निर्णय के कति अवधिमा पूर्ण रुपमा कार्यान्वयन हुने हो? नेपाली कृषकहरुले प्रयोग गर्ने बिषादीको सीमा निर्धारण गरी सो को कार्यान्वयन के कसरी भै रहेको छ? विषादीको प्रयोगलाई ब्यवस्थित गर्ने सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून एबम् मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न के कस्तो योजना बनेको छ? कुनै योजना बनेको भए सो योजना कार्यान्वयनका लागि के कस्तो तयारी भएको छ? योजना नबनेको भए आम उपभोक्ताले विषादी परीक्षण नगरी पैठारी गरिएका र अनियन्त्रित मात्रामा विषादी प्रयोग गरिएका तरकारी तथा फलफुल खान बाध्य हुनु पर्ने अवस्थाको अन्त्य गरी जनस्वास्थ्य र वातावरणमा गुणात्मक सुधार ल्याउन गर्नुपर्ने निर्णय तथा क्रियाकलापको सूची सहित सम्बन्धित जिम्मेवार अधिकारी समेत तोकी स्पष्ट र कार्यान्वयनयोग्य कार्ययोजना बनाई यो आदेश प्राप्त भएको मितिले दुई महिनाभित्र अन्य विपक्षी एवम् सरोकारवालाहरुहरुसँग समेत आवश्यक समन्वय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिवबाट प्रतिवेदन लिनु भनी निरन्तर परमादेशको आदेश जारी गरिएको छ।

क) नेपालमा पैठारी हुने तरकारी तथा फलफुलमा प्रयोग हुने सबै किसिमका विषादी परीक्षण भन्सार विन्दुमा नै गरेर मात्र पैठारी गर्ने सम्बन्धी मिति २०७६।३।२ को निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा भन्सार विन्दुहरुमा प्रयोगशाला स्थापना गर्ने विषय,

ख) त्यसरी स्थापित प्रयोगशालामा सबै किसिमको विषादी परीक्षण हुन सक्ने अन्तराष्ट्रिय स्तरको आधुनिक उपकरण र दक्ष जनशक्ति उपलब्ध गराउने विषय,

ग) देशभित्र उत्पादन हुने तरकारी तथा फलफुलमा प्रयोग हुने विषादीको सीमा निर्धारण र प्रयोग सम्बन्धी कार्यविधि तथा मापदण्ड (protocol) तय गर्ने विषय

घ) खण्ड (ग) बमोजिम निर्धारित मापदण्डको पालना भए नभएको परीक्षण तथा अनुगमन गर्ने विषय

९. उक्त प्रकरण नं. ९ अनुसारको प्रतिवेदन प्राप्त भए पाश्चात प्रस्तुत रिट निवेदनलाई मिति २०८०।०३।१९ को हेदहिर्दैको पेशीमा राखी लगाउका रिट निवेदनहरु समेत साथै राखी नियमानुसार पेश गर्नू।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०८० साल बैशाख ३ गते रोज १ शुभम् -------------------।